जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०५०/५१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक १६३ • २०८२ चैत्र २१ गते शनिवार • 4 Apr. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-




## अधुरा र अलपत्र अवस्थामा रहेका विकास आयोजनाबारे जानकारी उपलब्ध गराउन सर्वसाधारणसंग आग्रह

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २० चैत्र**



धनुषा-३ बाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का तर्फबाट निर्वाचित प्रतिनिधिसभा सदस्य मनिष झाले जनकपुरधाम तथा आसपास क्षेत्रमा अधुरा र अलपत्र अवस्थामा रहेका विकास आयोजनाबारे जानकारी उपलब्ध गराउन सर्वसाधारणसँग आग्रह गरेका छन् । सामाजिक सञ्जालमार्फत सार्वजनिक अपिल जारी गर्दै सांसद झाले सडक, पुल तथा विभिन्न सार्वजनिक भवन निर्माण कार्य सुरु भएर पनि लामो समयदेखि रोकिएको अवस्थाले जनजीवनमा गम्भीर असर परेको उल्लेख गरेका छन् । उनले यस्ता आयोजनाहरूको यथार्थ अवस्था संकलन गरेर सम्बन्धित निकायलाई जवाफदेही बनाउने आफ्नो उद्देश्य रहेको स्पष्ट पारे । 'जनकपुरधाम र वरपरका क्षेत्रमा सुरु भएर अलपत्र परेका विकास आयोजनाहरूको यथार्थ विवरण आवश्यक छ,' उनले भने, 'स्थानीय बासिन्दाबाट प्राप्त सूचनाका आधारमा म सम्बन्धित निकायसँग समन्वय गरेर यस्ता योजनाहरूलाई पुनः सञ्चालनमा ल्याउन पहल गर्नेछु ।' सांसद झाले विशेषगरी अधुरा सडक विस्तार, आधा बनेका पुल तथा प्रयोगविहीन अवस्थामा रहेका सरकारी भवनहरूले स्थानीय जनताको दैनिक जीवनमा समस्या थपेको बताए ।

वर्षायाममा हिलाम्मे सडक, अधुरा संरचनाका कारण दुर्घटनाको जोखिम तथा सार्वजनिक स्रोतको दुरुपयोगजस्ता विषयमा गम्भीर चिन्ता व्यक्त गर्दै उनले नागरिक सहभागितामार्फत यस्ता समस्या समाधान गर्न खोजिएको बताए । उनले नागरिकलाई निर्माणाधीन तर अलपत्र अवस्थाका आयोजनाको स्थान, ठेकेदार, सुरु भएको मिति र हालको अवस्थासहितको विवरण उपलब्ध गराउन आग्रह गरेका छन् ।

प्राप्त सूचनालाई व्यवस्थित रूपमा संकलन गरी संसद र सम्बन्धित मन्त्रालयसम्म पुर्‍याउने योजना रहेको उनले जानकारी दिए । 'विकासका नाममा बजेट खर्च हुने तर काम अधुरै रहने प्रवृत्तिलाई अन्त्य गर्न सबैको सहकार्य आवश्यक छ,' उनले भने, 'जनताबाट प्राप्त तथ्यांकका आधारमा ठोस रूपमा प्रश्न उठाएर जिम्मेवार निकायलाई दबाब दिनेछु ।'

## सडक तथा सडक पेटी अतिक्रमण गरी सञ्चालन भइरहेका व्यापार-व्यवसायप्रति कडा कदम




**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २० चैत्र**

जनकपुरधाम उपमहानगरपालिकाले नगर क्षेत्रभित्र सडक तथा सडक पेटी अतिक्रमण गरी सञ्चालन भइरहेका व्यापार-व्यवसायप्रति कडा कदम उठाएको छ। उपमहानगरपालिकाले शुक्रबार एक सूचना जारी गर्दै सार्वजनिक स्थान अवरुद्ध हुने गरी राखिएका सम्पूर्ण सामग्री २४ घण्टाभित्र हटाउन निर्देशन दिएको हो ।

उपमहानगरपालिकाका अनुसार सडक र पैदलमार्ग अवरुद्ध हुँदा यातायात सञ्चालनमा समस्या आउनुका साथै सर्वसाधारणलाई आवतजावतमा कठिनाइ भइरहेको गुनासो बढ्दै गएको छ। त्यसलाई मध्यनजर गर्दै यस्तो कदम चालिएको जनाइएको छ। सूचनामा तोकिएको समयसीमाभित्र सडक पेटीमा राखिएका पसल, ठेला, निर्माण सामग्री तथा अन्य अवरोधक वस्तुहरू नहटाइएमा प्रचलित कानून अनुसार कारबाही गरिने उल्लेख छ । उपमहानगरले नगरवासी तथा व्यवसायीहरूलाई नियमको पालना गर्न आग्रह गर्दै सहयोग गर्न अपिल गरेको छ। यसअघि पनि पटक पटक अतिक्रमण हटाउने अभियान सञ्चालन गरिए पनि पुनः सडकमा सामग्री राख्ने प्रवृत्ति कायम रहेकाले यसपटक कडाइका साथ कार्यान्वयन गरिने उपमहानगरले चेतावनी दिएको छ ।

## मटिहानीका विजय कुमार साहको नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशको अध्यक्ष पदमा उम्मेदवारी

**मो.इर्शाद**
**महोत्तरी, २० चैत्र**




मटिहानी नगरपालिका-८ निवासी विजय कुमार साहले नेपाल उद्योग वाणिज्य महासंघ, मधेश प्रदेशको अध्यक्ष पदमा उम्मेदवारी दर्ता गराएका छन् ।

यही चैत्र २४ गते हुने सो महासंघको निर्वाचनका लागि साहले उम्मेदवारी दर्ता गर्दै आफ्नो प्राथमिकता उद्योगी तथा व्यापारी वर्गको हितमा केन्द्रित रहेको बताउनुभयो । "उद्योगी व्यवसायी र व्यापारीहरूको उत्थान, समृद्धि एवं सुरक्षाका क्षेत्रमा काम गर्नु नै मेरो मुख्य लक्ष्य हो," उहाँले भन्नुभयो । मधेश प्रदेशका उद्योगी तथा व्यापारीहरूको प्रतिनिधित्व गर्दै उहाँले प्रदेशस्तरीय चुनौतीहरूको समाधानका लागि सक्रिय भूमिका खेल्ने वाचा गर्नुभयो । यो निर्वाचनमा मधेश प्रदेशका ८ वटै जिल्लाका उद्योग वाणिज्य संघहरूबाट १८ जना अध्यक्ष र एसोसिएट संस्थाहरूबाट ३८ जना सदस्य गरी कुल ५६ जना मतदाता रहनेछन् । यो निर्वाचनले प्रदेशका उद्योग तथा व्यापार क्षेत्रको नेतृत्व चयन गर्नेछ । विजय कुमार साह नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य (वि.सं. २०७७-७९) सम्म तथा महोत्तरी उद्योग वाणिज्य संघका अध्यक्ष (वि.सं. २०६३-२०७१) सम्म दुई कार्यकाल सफलतापूर्वक सम्हालेर उद्योग क्षेत्रमा लामो अनुभव प्राप्त व्यक्तित्व हुनुहुन्छ । उहाँको यो अनुभवले प्रदेशस्तरीय नेतृत्वमा थप प्रभावकारी योगदान पुर्‍याउने अपेक्षा गरिएको छ ।

निर्वाचन चैत्र २४ गते हुने भएकाले उम्मेदवारहरूबीच प्रतिस्पर्धा तीव्र बनेको छ। उद्योगी तथा व्यापारी वर्गले यो निर्वाचनलाई प्रदेशको आर्थिक विकासको महत्वपूर्ण अवसरका रूपमा लिएका छन् ।









# नखोज्नु है मलाई

नखोज्नु है मलाई बसन्त ऋतुको हरियालीमा
म त उजाड मरुभुमिमा हराई सकेछु
नसम्झिनु है मलाई कुनै खुशियालीमा
म त दुःख र आँशुको सागरमा पो डुबि सकेछु
नखोज्नु है मलाई पूर्णिमाको जुनेली रातमा
म त ५५ डिग्रीको घाममा जल्न पुगेछु
नखोज्नु है मलाई हजारौं दुनियाँको भिडमा
म त बालुवै बालुवाको मरुभुमी मा पुगी सकेछु
नखोज्नु है मलाई बिहानीको सुस्तरी पवनमा
म त समुन्द्री आँधिमा बडारीन पो पुगी सकेछु
नखोज्नु है मलाई वरपिपलको छहारीमा
म त रुखै नभएको मरुभुमीमा पो मडारिन पुगी सकेछु
नखोज्नु है मलाई जन्मभुमिको कुना कुनामा
म त गाउँ घर छाडी समुन्द्र तरी पराइ बनि सकेछु
नखोज्नु है मलाई पहिलाको गाउँ घरको ठेगानामा
म त अब परदेशी पो भैसकेछु, परदेशी पो भैसकेछु

**सागर बोहरा**
**महेंन्द्रनगर, नेपाल २ कंचनपुर**

# भव्य रक्तदान कार्यक्रम सफलतापूर्वक सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २० चैत्र**

मित्र युवा संगति जनकपुरधामको आयोजनामा हरेक वर्षझैं यस वर्ष पनि भव्य रक्तदान कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ। सामाजिक उत्तरदायित्व र मानव सेवाको भावनालाई आत्मसात गर्दै आयोजित उक्त कार्यक्रममा स्थानीयवासीहरूको उल्लेखनीय सहभागिता रहेको आयोजकले जनाएको छ।

कार्यक्रममा सहभागी दाताहरूले स्वेच्छिक रूपमा रक्तदान गर्दै मानव जीवन बचाउने अभियानमा महत्वपूर्ण योगदान दिए। आयोजक संस्थाले रक्तदान जस्तो पुण्य कार्यमा सहभागी भई उदाहरणीय योगदान पुऱ्याउने सबैप्रति आभार व्यक्त गरेको छ। कार्यक्रम सफल बनाउन नेपाल रेडक्रस सोसाइटी जनकपुर शाखासहित विभिन्न सहयोगी संस्थाहरू र व्यक्तिहरूको महत्वपूर्ण भूमिका रहेको बताइएको छ। यसै अवसरमा स्थानीय अखिल मढिकर्मीले आफ्नो जीवनको ६०औँ पटक रक्तदान गर्दै उदाहरण प्रस्तुत गरेका छन् भने उनकी जीवनसंगिनी रुविना श्रेष्ठले पनि १५औँ पटक रक्तदान गरेको जानकारी सार्वजनिक गरिएको छ। यसले दम्पतीको सामाजिक सेवाप्रतिको समर्पण झल्काएको सहभागीहरूले बताए। रक्तदान कार्यक्रमले बिरामीहरूको जीवन रक्षा गर्ने मात्र नभई समाजमा मानवता, सहकार्य र एकताको सन्देश फैलाउने कार्यसमेत गरेको आयोजकको विश्वास छ। कार्यक्रममा आयोजकले सबैलाई नियमित रूपमा रक्तदान गर्न आग्रह गर्दै 'रक्तदान गरौं, जीवन बचाऔं' भन्ने सन्देश पुनः दोहोऱ्याएका थिए।



# जानकी नवमी पर्वमा सार्वजनिक बिदाको माग



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २० चैत्र**

धार्मिक तथा सांस्कृतिक महत्त्व बोकेको जानकी नवमी पर्वलाई राष्ट्रिय स्तरमा मान्यता दिँदै सार्वजनिक बिदा घोषणा गर्न रामानन्दीय वैष्णव संघले सरकारसँग औपचारिक माग गरेको छ।

संघका अध्यक्ष रामरोशन दासले जानकी नवमी धार्मिक आस्था मात्र नभई नेपालको पहिचान, संस्कृति र पर्यटनसँग प्रत्यक्ष जोडिएको विषय भएकाले राज्यले यसको महत्व बुझ्न आवश्यक रहेको बताएका छन्। अध्यक्ष दासले माता जानकीको जन्मभूमि जनकपुरधाम विश्वभरका हिन्दू श्रद्धालुहरूको आस्थाको केन्द्र रहेको उल्लेख गर्दै यस्तो ऐतिहासिक तथा धार्मिक धरोहरलाई राष्ट्रिय स्तरमा उचित सम्मान दिनुपर्ने बताए। 'जनकपुरधाम एउटा शहर मात्र नभई यो हाम्रो सभ्यता र संस्कृति हो। यहाँ मनाइने जानकी नवमीले नेपाललाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउने महत्वपूर्ण अवसर प्रदान गर्छ,' उनले भने।

उनका अनुसार जानकी नवमीको दिन देशभर सार्वजनिक बिदा घोषणा गरिएमा धार्मिक पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने, स्थानीय अर्थतन्त्र सुदृढ हुने र सांस्कृतिक संरक्षणमा समेत योगदान पुग्नेछ।


## डेंगु ज्वरोको संक्रमणबाट बच्ने उपायहरु



डेंगुबाट बच्नका लागि मुख्यतया लामखुट्टेको टोकाईबाट बच्नुपर्दछ।
यसका लागि लामखुट्टेको नियन्त्रण नै उत्तम उपाय हो।
लामखुट्टे नियन्त्रण गर्न निम्न उपायहरु अपनाऔं

## डेंगी रोग बाट कसरी बच्ने ?

- ☑ पुरा बाहुला भएको लुगा लगाउने
- ☑ झुल भित्र मात्र सुत्ने
- ☑ घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने
- ☑ घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने
- ☑ खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने
- ☑ घर वरिपरी पानी जम्ने ठाउँ जस्तै पोखरी, पानीको नाली,ढलमा हप्ताको २ दिन डढेको मोबिल वा मट्टितेल छर्कने गमलाको प्लेट, फूल दानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने
- ☑ पानी जम्मा गर्ने भाँडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने
- ☑ साझ र विहान करेशाबारीमा जाँदा, घर बाहिर टहलिँदा, वा पार्कमा जाँदा, बालबालिकालाई लैजाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने

**अनुरोधकर्ता**
**सम्सी गाउँपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**


## तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: मित्रतामा फाटो आउने
मिथुन: अनावश्यक खर्चको संभावना
कर्कट: मनमा पछुतो आउने
सिंह: पढाईमा ध्यान दिनुपर्ने
कन्या: अशुभ समाचार प्राप्त हुने
तुला: पिछडेको साथी मिल्ने
वृश्चिक: खानपानमा समस्या आउने
धनु: शुभ कार्यको शुरुवात
मकर: अनावश्यक चिन्ता
कुम्भ: लामो यात्राको योग छ
मीन: आम्दानी हुने

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलवार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# अमेरिकी गुप्तचर मूल्याङ्कनअनुसार इरान अझै आक्रमण गर्न सक्षम

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २० चैत्र



पछिल्लो अमेरिकी गुप्तचर मूल्याङ्कनअनुसार इरानसँग अझै पनि उल्लेखनीय सैन्य आक्रमण क्षमता कायम रहेको देखिएको छ ।

प्रतिवेदनका अनुसार अमेरिका र इजरायलले एक महिनाभन्दा अघि गरेको व्यापक आक्रमणपछि पनि इरानका करिब आधा मिसाइल प्रक्षेपण प्रणाली सुरक्षित रहेका छन् भने हजारौँ एकतर्फी आक्रमण ड्रोन अझै प्रयोगका लागि तयार अवस्थामा छन् । गुप्तचर जानकारीसँग परिचित एक स्रोतका अनुसार इरान अझै पनि सम्पूर्ण क्षेत्रमा ठूलो क्षति पुर्याउन सक्षम रहेको बताइएको छ । यसैगरी इरानसँग ठूलो सङ्ख्यामा मिसाइलहरू र तटीय रक्षा प्रणालीका रूपमा प्रयोग हुने क्रुज मिसाइलहरूको उल्लेखनीय हिस्सा अझै बाँकी रहेको जनाइएको छ । यी क्षमता होर्मुज जलडमरूमध्य नियन्त्रणका लागि महत्वपूर्ण मानिन्छन् ।

इरानको नियमित नौसेनाका धेरै जहाजहरू नष्ट भए पनि इस्लामिक रिभोलुसनरी गार्डसँग सम्बन्धित छुट्टै नौसैनिक बलले अझै करिब आधा क्षमता जोगाइराखेको बताइएको छ। यसअन्तर्गत सयौँदेखि हजारौँसम्म साना डुङ्गा तथा मानवविहीन जलयानहरू बाँकी रहेका छन् । गुप्तचर मूल्याङ्कनले इरानले भूमिगत संरचनाहरू प्रयोग गरेर आफ्ना मिसाइल प्रक्षेपण प्रणाली सुरक्षित राख्न सफल भएको देखाएको छ ।

इरानले लामो समयदेखि सुरुङ र गुफाहरूको सञ्जालमा यस्ता संरचना लुकाउँदै आएको छ, जसले तिनीहरूलाई लक्ष्य बनाउन कठिन बनाएको छ ।

# अक्षयकुमारको 'भूत बङ्गला' को प्रदर्शन मिति परिवर्तन

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २० चैत्र



बलिउड अभिनेता अक्षयकुमार र निर्देशक प्रिय दर्शनको बहुप्रतिक्षित फिल्म 'भूत बङ्गला' को प्रदर्शन मिति हेरफेर भएको छ । १० अप्रिलमा प्रदर्शन हुने तयारीमा रहेको फिल्म अब १६ अप्रिलदेखि प्रदर्शनमा आउने फिल्मकी निर्माता एकता कपूरले सामाजिक सञ्जाल मार्फत जानकारी दिएकी छन् ।

एकता कपूरका अनुसार १६ अप्रिल (बिहीबार) राति ९ बजेदेखि फिल्मको 'पेड प्रिभ्यू' शोहरू सुरु हुनेछन् । निर्माता, वितरक र प्रदर्शकहरूको त्रिपक्षीय सहमतिबाट प्रदर्शन मिति सार्ने निर्णय भएको उनले बताइन् । फिल्मको मिति सार्नुको मुख्य कारण हाल प्रदर्शन भइरहेको 'धुरन्धर २' को बक्स अफिस सफलतालाई मानिएको छ । 'भूत बङ्गला' मार्फत अक्षयकुमार र निर्देशक प्रियदर्शनको जोडी करिब १४ वर्षपछि ठुलो पर्दामा फर्किएको हो । यो एक हरर-कमेडी फिल्म हो । फिल्ममा अक्षयका साथै तब्बू, परेश रावल, वामिका गब्बी, राजपाल यादव र असरानी जस्ता चर्चित कलाकारको मुख्य भूमिका छ । अक्षय र प्रियदर्शनको सहकार्यमा यसअघि 'हेरा फेरी', 'भुल भुलैया' र 'गरम मसाला' जस्ता ब्लकबस्टर फिल्म आएकोले पनि फिल्म दर्शकमाझ प्रतीक्षित बनेको छ ।

# 'नीति र नियत' सफा राखेर आर्थिक सुधार गर्ने अर्थमन्त्री वाग्लेको प्रतिबद्धता

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २० चैत्र



अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले वर्तमान सरकारले जनअपेक्षा र अभूतपूर्व जनादेशलाई आत्मसात् गर्दै मुलुकको अर्थतन्त्र सुधारको ठोस बाटोमा अगाडि बढिरहेको बताएका छन् ।

पर्साको वीरगन्जमा शुक्रबार आयोजित आगामी आर्थिक वर्ष २०८३/८४ को पूर्व-बजेटसम्बन्धी अन्तरक्रिया कार्यक्रममा बोल्दै उनले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले पाएको मत सुधार र सुशासनका लागि भएको स्पष्ट पारे । विगतका सरकारहरूलाई जस्तो वर्तमान सरकारलाई गल्ती गर्ने वा ढिलासुस्ती गर्ने कुनै छुट नभएको उल्लेख गर्दै उनले जनताले आर्थिक रूपान्तरणकै लागि म्यान्डेट दिएको जिकिर गरे ।

बारा र पर्साका उद्योगी व्यवसायीहरूका गुनासो र सुझाव सुन्दै मन्त्री वाग्लेले आगामी बजेट आर्थिक रूपान्तरणको मूल ध्येयमा केन्द्रित हुने विश्वास दिलाए । उनले नीति सही र नियत सफा भएमा मुलुकमा धेरै सकारात्मक काम गर्न सकिने बताउँदै सरकारको लक्ष्य स्पष्ट रहेको जानकारी दिए। प्रधानमन्त्री बालेन्द्र शाहले जनतालाई सास्ती नहुने गरी प्रत्यक्ष राहत दिने काममा लाग्न निर्देशन दिइसकेकाले सरकार सोही दिशामा दृढताका साथ अघि बढ्ने उनको भनाइ थियो ।

उक्त अन्तरक्रिया कार्यक्रममा अर्थ मन्त्रालयका राजस्व सचिव भुपाल बराल, पर्सा क्षेत्र नम्बर १ का सांसद हरि पन्त, वीरगन्ज भन्सारका प्रमुख प्रशासक तथा विभिन्न राजस्व कार्यालयका प्रमुखहरूको उपस्थिति रहेको थियो ।

# ५० ओभर टिकेर खेल्नै सक्दैनन् प्रदेशका टिम, कहिले होला सुधार ?

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २० चैत्र



नेपाली क्रिकेटको घरेलु संरचनामा मेरुदण्ड मानिने प्रधानमन्त्री कप (पीएम कप) को आठौं संस्करणसम्म आइपुग्दा एउटा तितो यथार्थ फेरि दोहोरिएको छ- हाम्रा प्रादेशिक टोलीहरूलाई ५० ओभरको पूरा इनिङ टिकेर खेल्न अझै निकै हम्मेहम्मे परिरहेको छ ।

विगतका संस्करणहरू झैं यसपटक पनि मैदानमा एउटै दृश्य देखिन्छ: नेपाल पुलिस क्लब र त्रिभुवन आर्मी क्लब व्यावसायिकता र अनुभवका आधारमा हावी भइरहँदा अर्को विभागीय एपीएफ निरीह बन्दै गइरहेको छ भने बाँकी सातै प्रदेशका टोलीहरू भने ५० ओभर खेल्ने धैर्यता भन्दा पनि क्रिजमा आत्मसमर्पण गर्ने हतारोमा देखिन्छन् ।

प्रदेशका टोलीहरूको लय समयसँगै सुधार हुँदै आउनुपर्नेमा 'जस्ताको त्यस्तै' देखिनुले नेपाली क्रिकेटको ग्रासरूट संरचनामाथि नै गम्भीर प्रश्न खडा गरेको छ । अन्तर्राष्ट्रिय स्तरमा नेपालले एकदिवसीय अन्तर्राष्ट्रिय (ओडिआई) मान्यता जोगाइराख्न र भविष्यमा 'टेस्ट राष्ट्र' को ऐतिहासिक खुड्किलो उक्लिनका लागि ५० ओभरको क्रिकेटमा बलियो पकड हुनु अनिवार्य शर्त हो । टेस्ट क्रिकेटको आधार नै ब्याटरको धैर्यता र बलरको अनुशासन हो, जुन ५० ओभरको खेलबाट मात्रै निखारिन्छ ।

तर, पीएम कपका अघिल्ला संस्करणदेखि अहिलेसम्मको तथ्यांक हेर्ने हो भने प्रदेशका टोलीहरू २० ओभरदेखि ४० ओभरको बीचमै समेटिने क्रम रोकिएको छैन ।






# दलितसँग क्षमायाचना : सरकारको जिम्मेवार कदम




-शाह (बालेन) नेतृत्वको सरकारले दलितमाथि ऐतिहासिक रूपमा भएको विभेद र अन्यायका लागि औपचारिक रूपमा माफी माग्ने निर्णयलाई कार्यसूचीमा समेटेको छ। राज्यको यस्तो क्षमायाचनालाई सकारात्मक कदम मानिए पनि व्यावहारिक अर्थ दिन न्याय, क्षतिपूर्ति, संरचनात्मक सुधार र दलितको अधिकार सुनिश्चित गर्ने ठोस कार्यक्रम आवश्यक छ ।

माफी घोषणासँगै दलित समुदायको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने सुधारका कार्यक्रम ल्याउन र विभेदको अन्त्यका लागि दीर्घकालीन रणनीति अपनाउनुपर्ने आवश्यकता औंल्याइएको छ । शाह (बालेन) नेतृत्वको सरकारद्वारा पारित सयबुँदे प्रशासकीय सुधारसम्बन्धी कार्यसूचीमा राज्यले दलितमाथि गरेको विभेदका सम्बन्धमा माफी माग्ने एउटा बुँदा समेटिएको छ। उक्त बुँदामा दलित तथा ऐतिहासिक बहिष्कृत समुदायमाथि राज्य, समाज र संरचनाले अन्याय, विभेद र वञ्चितीकरण गरेको हुँदा औपचारिक रूपमा स्वीकार गर्दै सामाजिक न्याय, समावेशिता र मेलमिलापका लागि १५ दिनभित्र औपचारिक क्षमायाचनासहित सुधारका कार्यक्रम ल्याउने उल्लेख छ । राज्यले दलितमाथि हजारौं वर्षदेखि गर्दै आएको शोषण, दमन, अत्याचार र अपराधनको बोध गर्दै समुदायसँग माफी माग्नु सकारात्मक कदम हो । प्रभुत्वशाली शासक वर्ग र समुदायको शासन सत्ताले कानुनै बनाएर दलित समुदायमाथि क्रूर, आततायी र आपराधिक विभेदको शृंखला चलायो । अत्याचारी व्यवस्था टिकाउन दलितलाई राज्यसत्तामा सहभागी हुनबाट पूर्ण रूपमा बन्देज लगायो । सबै संघर्षमा दलितले बलिदानी दिएका छन् । बलिदान र योगदान गरिरहने तर राज्यले दलितमाथि अत्याचार र विभेदकारी अपराधलाई निरन्तरता दिइरहेको अवस्था कायमै छ । राज्य-समाजलाई दलितले गरेको योगदान र बलिदानीको कदरका लागि पनि राज्यले औपचारिक माफी माग्नु आवश्यक छ ।सोही किसिमको सामाजिक र सांस्कृतिक व्यवस्थाको अभ्यास गरी श्रमजीवी दलितको श्रम, सीप, पसिना र रगतको होली खेल्ने काम भयो । दलितमाथि अपराध गर्नेहरू समाजमा प्रतिष्ठित हुने तर समाजको सञ्चालन, सभ्यता विकास र संस्कृतिको जगेर्नामा योगदान गर्ने दलितलाई कहिल्यै मर्यादित जीवन बाँच्न दिइएन । राज्यले दलितविरुद्ध गरेका यस्ता गम्भीर अत्याचार र अपराधको प्रायश्चितसहित औपचारिक रूपमा दलितसँग राज्यले माफी माग्न लागेको हो भने यसलाई राज्यको जिम्मेवार कदमका रूपमा लिनुपर्छ । इतिहास साक्षी छ- दलितको श्रम, सीप र योगदानबिना कृषि उत्पादन सम्भव थिएन ।

फलाम खानी पत्ता लगाउने, प्रशोधन गर्ने, कृषि र दैनिक जीवनका लागि आवश्यक सबै सामग्री उत्पादन गरेर मानव जीवन सञ्चालनमा निकै ठूलो योगदान गरेका छन् दलितले । मन्दिरको मूर्ति, घण्टी र गजुरदेखि चुलोमा चाहिने हरचीज निर्माण, कपडादेखि जुत्तासम्म, सरसफाइदेखि गीत-संगीतसम्म, खेतबारीदेखि भकारीसम्म दलितको रगत र पसिना नपोखिएको कुनै ठाउँ छैन ।

तर, तिनै दलित प्रत्येक पाइलामा अपमानित छन्, मन्दिरको ढोका बन्द छन्, शिक्षा दिने विद्यालयको कक्षाकोठामा विभेद भोग्न बाध्य छन् । न्यायका लागि प्रतिरोध गर्न राज्य र समाज पर्खाल बनेर उभिइरहेका छन् । यद्यपि, निरंकुशताविरुद्धको आन्दोलन होस् वा अग्रगामी परिवर्तन- सबै संघर्षमा दलितले बलिदानी दिएका छन् । बलिदान र योगदान गरिरहने तर राज्यले दलितमाथि अत्याचार र विभेदकारी अपराधलाई निरन्तरता दिइरहेको अवस्था कायमै छ । राज्य-समाजलाई दलितले गरेको योगदान र बलिदानीको कदरका लागि पनि राज्यले औपचारिक माफी माग्नु आवश्यक छ । जात व्यवस्थामा आधारित राज्यसत्ताले दलितको प्रतिनिधित्वलाई अस्वीकार गर्दै आयो । दलितलाई 'राज्य हाम्रो हो' भन्ने अनुभूति हुन दिइएन । राज्यका अंग र निकायले दलितको संकट, समस्या र कष्टलाई महसुस गर्न सकेन र निरन्तर उत्पीडित जीवन बाँच्न विवश बनाइयो । जात व्यवस्थालाई निरन्तरता दिएर, दलितमाथिको अत्याचारको प्रवर्द्धन गर्न भूमिका निर्वाह गरेको राज्यले अपराधको महसुसीकरण गरी दलितसँग माफी माग्ने मात्रै होइन, आगामी दिनमा नदोहोरिने सुनिश्चितता पनि गर्नुपर्छ ।

राज्यले दलितसँग माफी माग्ने परिस्थिति एकाएक बनेको भने होइन । नेपालका दलित समुदायले विगत ८० वर्षदेखि न्याय, समानता र आत्मसम्मानसहितको मुक्तिका लागि संघर्ष गर्दै आइरहेका छन् । राज्यको दमन तोड्दै, सामाजिक अत्याचारविरुद्ध लड्दै, न्यायका पक्षमा दृढतापूर्वक दलितले गरेको मुक्ति आन्दोलनकै कारण राज्य दलितसँग क्षमायाचना गर्ने परिस्थितिमा पुगेको हो । त्यसैले सरकारले दलितसँग गर्ने भनिएको क्षमायाचना तिनै आन्दोलनको उपज हो । क्षमायाचनाको अभ्यास: दलितसँग राज्यले माफी माग्नु भनेको ऐतिहासिक अत्याचारको प्रायश्चित गर्नु अनि संघर्ष र उत्पीडनमै जीवन बिताएका व्यक्तिहरूमाथि सम्मान गर्नु पनि हो ।

**सांभार : कान्तिपुर ।**





अनुरोधकर्ता
स्वास्थ्य कार्यालय
धनुषा, मधेश प्रदेश

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला







अनुरोधकर्ता
लोहारपट्टी नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday